PAN No.: 500019629
Regd No. 127968/071/072

# हिमालय उर्जा विकास कम्पनी लिमिटेड
# Himalaya Urja Bikas Company Limited
Upallo Khimti (12MW) & Upper Khimti -II (7MW) Hydropower Project

च.नं. २१८/०७९/८०

मिति: २०८०/०१/१६

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार प्लाजा, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।

**विषयः कम्पनीको बाइसौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा, यस कम्पनीको मिति २०८०।०१।१६ गतेका दिन विहान ८:०० बजे बसेको संचालक समितिको १०१ औं बैठकको निर्णय अनुसार यस कम्पनीको बाइसौं वार्षिक साधारण सभा मिति २०८० जेष्ठ ०९ गते, मंगलबारका दिन विहान ११:०० बजे अर्पण बैंक्विट, थापागाऊँ, नयाँबानेश्वर, काठमाण्डौंमा गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यस सम्बन्धी सूचना मिति २०८०।०१।१७ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकासित हुने र सो सूचनाको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

**संलग्नः**

१. वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपी ।

Himalaya Urja Bikas Company Ltd. Estd: 2014

...................
नवराज भण्डारी
(कम्पनी सचिव)

**बोधार्थः**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
२. श्री नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं ।

# हिमालय उर्जा विकास कम्पनी लिमिटेड

तिनकुने, काठमाण्डौ

## बाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०१/१७)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८० बैशाख १६ मा बसेको सञ्चालक समितिको १०१औं बैठकको निर्णयअनुसार कम्पनीको स्थगीत बाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** - २०८० जेष्ठ ९ गते, मंगलबार (May 23, 2023)

समय - बिहानको ११ बजे

**स्थान** - अर्पण बैंक्विट, थापागाऊँ, नयाँबानेश्वर, काठमाण्डौं।

**छलफलका विषयहरू**

**क. सामान्य प्रस्तवाहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा आर्थिक वर्ष आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व २०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/०८० को लेखा परिक्षण गर्नको लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा।

**ख. विशेष प्रस्तावहरुः**

१ श्री सुमन शर्मा चौलागाईंलाई बाँकी कार्यकालको लागी सर्वसाधारण तर्फको सञ्चालक पदमा नियुक्त गरिएकोले सोको अनुमोदन गर्ने सम्बन्धमा।

२. सञ्चालक समितिको गठन र संख्या सम्बन्धमा।

३. कम्पनीको अधिकृत पुंजी बृद्धि गरी रु.२,५०,००,००,००० (अक्षरेपी दुई अर्व पचास करोड रुपैयाँ मात्र) पुऱ्याउने सम्बन्धमा।

४. कम्पनीको जारी पुंजी बृद्धि गरी रु.२,५०,००,००,००० (अक्षरेपी दुई अर्व पचास करोड रुपैयाँ मात्र) पुऱ्याउने सम्बन्धमा।

५. कम्पनीले हाल कायम चुक्ता पुंजीको १:१ को अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा।

६. हकप्रद शेयर निश्कासन पछि प्राप्त हुने पुंजी व्यवस्थापन सम्बन्धमा।

७. कम्पनीको लागी आवश्यक नपर्ने चल अचल सम्पत्ती जग्गा जमानी विक्री गर्ने अख्तीयारी दिने सम्बन्धमा।

**ग. विविध :**

**वार्षिक साधारण सभासम्बन्धी अन्य जानकारी**

१. साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता किताब मिति २०७९।०९।१८ गतेलाई मानिएको छ।

२. नेपाल स्टक एक्सचेन्ज मा मिति २०७९।०९।१७ गते सम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरू मात्र सभामा भाग लिन तथा मतदानका लागि योग्य हुने छन्।

३. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमालिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।

४. शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ।

५. उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट सङ्ख्याअनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुने छ।

६. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्ने छ। यस्तो प्रोक्सी फाराम साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नुपर्ने छ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधि पत्र स्वतः बदर हुने छ।

७. कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरू विविध शीर्षकअन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्ने छ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुने छ।

८. साधारण सभासम्बन्धी थप जानाकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. ३२, सुविधानगर, तिनकुने, काठमाडौँमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै थप जानकारी कम्पनीको वेब साइट www.himalurja.com बाट प्राप्त गर्न सक्नुहुने छ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

Himalaya Urja Bikas Company Ltd. Estd: 2014